

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २१ गते बिहीबार ❑ 7 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## 'शिक्षा र स्वास्थ्यप्रति सरकार जिम्मेवार छ'

पोखरापत्र संवाददाता

पोखरा, २० मंसिर



गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली जनताको आधार भूत आवश्यकतामा पर्ने शिक्षा र स्वास्थ्य सेवाप्रतिको जिम्मेवारी सरकारले पूरा गर्ने बताउनुभएको छ।

पोखरा-१ पुरानो टुँडिखेलस्थित राष्ट्रिय माध्यामिक विद्यालयको हीरक जयन्तीको आज उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले उक्त कुरा बताउनुभएको हो । "जुनसुकै पार्टीको सरकार भए पनि शिक्षा र स्वास्थ्य सेवाबाट हात झिक्न मिल्दैन", उहाँले भन्नुभयो, "नेपालको संविधानले आधार भूत आवश्यकतामा राखेको शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी बढाउँदै जानुपर्छ ।" शिक्षा ऐन संशोधनका बारेमा संसदीय समितिमा छलफल चलिरहेको बताउँदै उहाँले शिक्षा र स्वास्थ्य क्षेत्र आमनेपाली जनताको हितमा हुनुपर्नेमा जोड दिनुभयो। सामुदायिक विद्यालयमा विद्यार्थी किन आकर्षित भएनन् भन्नेबारेका कारण खोज्न जरुरी भएको बताउँदै १२ कक्षा पास गरेपछि पढ्नका लागि विदेश जाने विद्यार्थीको संख्या घटाउनेतर्फ सरकार लाग्नुपर्ने उहाँको भनाइ छ। "सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा कुन तहको सरकारले लिने भन्नेबारेमा अन्योलता कायमै रहेकाले त्यसतर्फ केन्द्र सरकारको ध्यान जान जरुरी छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "विधयेकको छलफलमा पनि स्पष्ट किटान गर्नुपर्छ।" नेपालका राजनीतिक दलहरुले नेपालमै रोजगारी सिर्जना र स्वरोजगारको वातावरण निर्माण गरी विदेश जाने युवा जनशक्तिलाई नेपालमै खपत गर्नुपर्नेमा उहाँको जोड छ।" वर्तमान राजनीतिक अवस्थाका बारेमा मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारका कानुन नबन्दा अधिकारविहीन हुनुपरेको बताउँदै बनेका कानुन पनि कार्यान्वयनमा आउन नसकेको दुखेसो गर्नुभयो।

प्रतिनिधिसभा सदस्य दामोदर पौडेल (वैरागी) ले जनताको आधारभूत आवश्यकतामा पर्ने शिक्षा र स्वास्थ्य सेवा निजी क्षेत्रको जिम्मा लगाउन नहुने बताउनुभयो । सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न जरुरी भएको भनाइ उहाँको थियो। पूर्वविद्यार्थी तथा नेपाल उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले सामुदायिक विद्यालयबाट प्रदान गरिने शिक्षालाई गुणस्तरीय बनाउन यस क्षेत्रका सबै अभिभावकको दायित्व हुने बताउनुभयो।

राणा शासनको अन्त्य हुनुभन्दा एक वर्षअघि विसं २००६ मा स्थापना भएको उक्त विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्नेतर्फ आफ्ना पाइला अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

एक हजार चार सय विद्यार्थी अध्ययनरत उक्त विद्यालयका ५७ जना शिक्षकमध्ये २८ जना निजी स्रोतकै रहेको जानकारी विद्यालयका प्रधानाध्यापक ईश्वरी सापकोटाले दिनुभयो । सो अवसरमा विद्यालयलाई ७२ रोपनी जग्गा प्रदान गर्ने स्थानीय पराजुली परिवार, विद्यालय स्थापनामा योगदान गर्ने व्यक्तिका परिवारका सदस्यलाई सम्मानसमेत गरिएको थियो।

## शिथिल अर्थतन्त्र चलायमान बनाउन व्यापार मेला

पोखरापत्र संवाददाता

पोखरा, २० मंसिर

देशको शिथिल अर्थतन्त्र चलायमान बनाउँदै व्यवसाय विस्तार र नयाँ सम्भावनाको खोजी गर्ने उद्देश्यले गण्डकी प्रदेशको राजधानी पोखरामा बिहीबार राष्ट्रिय औद्योगिक व्यापार मेला हुँदैछ।

स्थानीय उत्पादनको प्रवर्द्धनका साथै उत्पादक र उपभोक्तालाई एउटै थलोमा ल्याउने लक्ष्यका साथ पोखरा उद्योग वाणिज्य सङ्घको आयोजनामा नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुने मेलाको सबै तयारी पूरा भएको छ। मेला आगामी पुस १ गतेसम्म सञ्चालन हुनेछ । मेलाबाट पोखरालगायत देशक औद्योगिक एवं हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरणमा सघाउ पुग्ने सङ्घका अध्यक्ष पवनकुमार प्रजापतिले राससलाई बताउनुभयो।

'लगानीको सर्म्वद्धन उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने नारासहित आयोजना हुने मेलाले गण्डकी प्रदेशको व्यवसाय विस्तारमा सम्भावनाको खोजी तथा प्रदेशको पर्यटकीय सम्भावना उजागर गर्ने अपेक्षा गरिएको छ । मेलामा दुई सय ५० प्रदर्शनीकक्ष रहने छन् । गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा उद्योग पर्यटन एवं वन तथा वातावरण मन्त्रालयसँगको सहकार्यमा मेलामा गण्डकी प्रदेशका विभिन्न जिल्लामा रहेका महिला उद्यमीको उत्पादनको प्रदर्शन, प्रवर्द्धनका लागि विशेष कक्षको व्यवस्था गरिएको सङ्घका महासचिव बलराम आचार्यले बताउनुभयो।

महिला उद्यमशीलता विकासका लागि मेलास्थलमा हस्तकलाका सामग्री बनाउने तालिमका साथै आफै रोजगारीका अवसर सृजना गर्न चाहने महिलाका लागि आवश्यक 'मेसिनरी'प्रदर्शनीको पनि व्यवस्था मिलाइएको छ । पोखरा उद्योग वाणिज्य सङ्घले पहिलोपटक २०४२ सालमा औद्योगिक व्यापार मेलाको आयोजना गरेको थियो।

## खानेपानीको समस्या झेल्दै जलारी समुदाय

पोखरापत्र संवाददाता

पोखरा, २० मंसिर

छेवैमा फेवातालको पानी टलपल-टलपल भए पनि ताल किनारका जलारी समुदायले भने खानेपानीको समस्या भोगिरहेका छन् । पोखरा महानगरपालिका-१८ खपौंदीका ९१ घरपरिपार जलारी खानेपानीका लागि भौतिरिरहेका भेटिन्छन् । पर्यटकीय क्षेत्र लेकसाइडबाट केही परका यी समुदाय पानीका लागि दैनिक धारामा लाइन बस्न बाध्य छन्।

राज्यले जलारी समुदायलाई वास्ता नगरेका कारण खानेपानीको समस्या भोग्नुपरेको स्थानीय बुद्धिमाया जलारीले बताउनुभयो । पानीले टलपल फेवाताल किनारका जलारी समुदाय काकाकुलको अवस्थामा रहेको उहाँले सुनाउनुभयो । "नेताहरू भोट माग्न आउँदा घरघर मै पानी ल्याइदिन्छु भन्छन् तर अहिलेसम्म एक घर, एक धारा भएको छैन्," बुद्धिमायाले भन्नुभयो, "हामीले नै पैसा उठाएर बनाएको धारामा पनि पानी नआउँदा अर्काको घरमा गएर पानी ल्याउनुपर्छ।" पानीको जोहो गर्दागर्दै बिहान बित्ने गरेको अर्का स्थानीयवासी सारा जलारीले बताउनुभयो । "भात-तरकारी पकाउन, भाडा धुन, लुगा धुन सबै कामका लागि पानी चाहियो । पानी बोक्दाबोक्दै एउटा महिलाको बिहान बित्छ," उहाँले भन्नुभयो, "तालकै छेउमा बसेर पनि दूषित पानी खान त मिलेन नि । यही पानी खानयोग्य बनाउन पनि सरकारले ध्यान दिनुपर्‍यो।" प्रदेश सरकारको 'एक घर एक धारा' नीतिअनुसार जलारी समुदायले सुविधा नपाएको स्थानीयवासी नेत्रबहादुर जलारीले बताउनुभयो। "नेपाल सरकारले पनि भनेको छ ' एक घर एक धारा' यो सबै ठाउँमा छ," उहाँले भन्नुभयो, "तर, हामीले पाएका छैनौं । जलारी समुदायका के मान्छे होइन् ? यदि मान्छे हो भने अरुले पाएको कुरा हामीले पनि पाउनुपर्‍यो ।" सरकारले वास्ता नगरेपछि दुई वर्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एनसेलबारे ४८ घण्टाभित्र धारणा सार्वजनिक गर्न सरकारलाई निर्देशन

पोखरापत्र संवाददाता

पोखरा, २० मंसिर

दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियटा लिमिटेडको शेयर खरिद बिक्रीका सम्बन्धमा ४८ घण्टाभित्र आफ्नो धारणा सार्वजनिक गर्न प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले सरकारलाई निर्देशन दिएको छ।

त्यस्तै, यो प्रकरणबारे ३० दिनभित्र विस्तृत अनुसन्धान र जाँचबुझ गरी आवश्यक कारबाही गर्न पनि सरकारलाई निर्देशनदिइएकोसभापतिऋषिकेश पोखरेलले जानकारी दिनुभयो । लेखा समितिको अब बस्ने बैठकमा प्रधानमन्त्रीलाई बोलाएर यस विषयमा जानकारी माग्ने पनि समितिले निर्णय गरेको छ।

एनसेल खरिद बिक्रीका क्रममा विद्यमान कानुनी व्यवस्थाको छिद्र खोजेर आर्थिक चलखेल भएको तथा प्रक्रिया मिचिएका विषयमा पनि गम्भीर हुन समितिले निर्देशन दिएको छ। विद्यमान कानुनमा देखिएका अस्पष्टतालाई आवश्यक परिमार्जन र संशोधनका लागि संसद्को आगामी बैठकमा विधेयक पेश गर्न सरकारलाई निर्देशन दिइएको छ । एनसेल खरिद बिक्री सम्बन्धमा आज लेखा समितिले कम्पनी रजिष्टारको कार्यालय र दूरसञ्चार प्राधिकरणसँग छलफल गरेको थियो। उक्त छलफलपछि समिति सदस्यहरूको सुझावका आधारमा यस्तो निर्देशन दिइएको हो।

## अब राजनीतिक दल विकास निर्माणमा लाग्नुपर्छ – अध्यक्ष ओली

पोखरापत्र संवाददाता

बागलुङ, २० मंसिर

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अब राजनीतिक दलले पार्टीको मात्रै नभई विकास निर्माणको काम गर्नुपर्ने बताउनुभएको छ।

झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका यात्राका क्रममा बागलुङको बुर्तिबाङमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले विकास विस्तारै विकटका ठाउँसम्म पुगेको बताउनुभयो। अहिलेसम्म विकासले नजोडिएका ठाउँमा तत्काल जोड्नतर्फ लाग्नुपर्ने भन्दै अब गाउँलाई प्रविधिसँग जोड्न जरुरी रहेको उहाँले बताउनुभयो । अहिलेको सरकारले एमालले खबरदारीसँगै रचनात्मक सहयोगसमेत गर्दै आएको अध्यक्ष ओलीले बताउनुभयो । एमालेले नेपाली जनताको हरेक दुःखमा साथ दिँदै आएको भन्दै बाढी पहिरो होस् या भूकम्प हरेक विपद्का पीडितको पीडामा मलम लगाउने काम गरेको बताउनुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶





"लगानीको सम्बर्द्धन: उद्योग व्यवसायको प्रवर्द्धन"

समृद्धि स्टील्स्

३२ औं राष्ट्रिय औद्योगिक व्यापार मेला २०८०, पोखरा

मंसिर २१ गतेदेखि पौष १ गतेसम्म । पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार

सादर निमन्त्रणा

पोखरा उद्योग वाणिज्य संघको आयोजना तथा गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका एवं नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा यही मिति २०८० साल मंसिर २१ देखि पौष १ गतेस्म पोखरा ९, नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजना हुने समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला २०८०' को प्रभातफेरी, समुद्घाटन एवं समापन समारोहमा यहाँको गरीमामय उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

प्रार्थी :

बलराम आचार्य, महासचिव

पवनकुमार प्रजापति, अध्यक्ष

प्रभातफेरी कार्यक्रम
मिति : २०८० साल मंसिर २१ गते, बिहीबार
समय : बिहान १०:३० बजे ।
स्थान : पोखरा उद्योग वाणिज्य संघको सचिवालय पोखरा ४, गैह्रापाटन

समुदघाटन समारोह
मिति : २०८० साल मंसिर २१ गते, बिहीबार
समय : मध्यान्न १२:१५ बजे ।
स्थान : पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार

समापन समारोह
मिति : २०८० साल पौष १ गते, आइतबार
समय : दिउँसो २ बजे ।
स्थान : पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार

आयोजक: प्रवर्द्धक मुख्य प्रायोजक सह प्रायोजक प्रायोजक

नोटः संघका सदस्य महानुभावलाई परिचयपत्रको आधारमा प्रवेश निःशुल्क हुनेछ ।

पुनश्च : मेला समुद्घाटनको पूर्वसन्ध्यामा मिति २०८० साल मसिर २१ गते बिहान १०:३० बजे पोखरा उद्योग वाणिज्य संघको सचिवालय ग्रैह्रापाटन पोखराबाट पोखरा प्रदर्शनी केन्द्र, नयाँबजारसम्म हुने प्रभातफेरीमा सहभागिताको लागि आमा समूह,टोल विकास संस्था तथा बस्तुगत संघहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

# आइटीएफमा दोश्रो सर्किटमा सिंगलतर्फ प्रि.क्वटर तथा डबल्समा क्वाटरफाइनल

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी आइटीएफ जे-३० को दोश्रो सर्किट अन्तर्गत सिंगलतर्फ प्रि.क्वाटरफाइनलका खेलहरु सकिएका छन् । डबल्सतर्फ क्वाटरफाइनल सम्पन्न भएको छ।



बिहीबार ब्वाइज सिंगलतर्फ भएका खेलहरुमा जापानका रीकु हिगासीले नेपालका निहाल जंगबहादुर थापालाई ६-२,७-५ ले, नेपालक राजविर प्रधानले भारतका इसान्त पतरालाई ६-१,६-२ ले, भारतका जेसन डेभिडले नेपालका सक्षम विक्रम शाहलाई ६-२, ६-२ ले, अमेरिकाका आरब सम्राट हाडाले जापानका रुया सासामोतालाई ७-५,६-३ ले, भारतका प्रविण मुकेश छावडाले भारतका अनिकेत भेंकटरामनलाई ६-४,६-४ ले, एलेक्से सिवइवले जापानका इप्पी मात्सुसिमालाई ७-६, ६-२ ले, भारतका दक्ष कुक्रेटीले भारतकै सन्चित सुधिर रावलाई ६-१,७-६ ले, भारतका आहिल आयाजले नेपालका आर्यन गिरीलाई ६-३,६-१ ले, पराजित गरे। ब्वाइज डबल्सतर्फ भारतका अधिराज ठाकुर र ओजाज मेलावटको जोडीले जापानका को फुजिकावा र एलेक्सी सिवाइवलाई, भारतका जेसन डेभिड र अनिकेत भेन्कटरामनको जोडीले नेपालका आयुषमान हजुर घले र भारतका एस पञ्चासरीलाई, जापानका रिकु हिगासी र अमेरिकाका आरब सम्राट हाडाले जापानका इप्पी मात्चुसिमा र नेपालका सक्षम विक्रम शाहलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरे।

गल्स सिंगलतर्फ भारतका यासिका सोकिनले भारतकै दिया चौधरीलाई, भारतकै अन्वि पुनागाण्टीले भारतका दिसा बेहरालाई, भारतका इशि महेश्वरीले भारतका प्रेसा सान्थामोरथीलाई, भारतकी अर्जान खोराकीवालाले भारतकै मनिका खन्नालाई, जापानकी उता असाकुराले थाइल्याण्डको पिच छायापक श्रीमुकलाई तथा भारतका मण्डगल्ला प्रिन्सीले भारतकै रिदी सिण्डेलाई पराजित गरिन्।

# १२ औं पोखरा महोत्सव सम्पन्न गर्न ३४ वटा उपसमिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

१२ औं पोखरा महोत्सव आगामी पुषको २६ देखी हुने भएको छ।

युनाइटेड क्लबको आयोजनामा आगमी पुषको २६ देखी माघ ८ सम्म पोखराको अमर सिंह स्कुलको खेल मैदानमा १२ औं संस्करणको पोखरा महोत्सव आयोजना हुने भएको हो।

महोत्सवको तयारी स्वरुप महोत्सव आयोजक युनाइटेड क्लबले अध्यक्ष राजु श्रेष्ठ मुल आयोजक समिति रहने गरी विभिन्न ३४ वटा उपसमितिहरु गठन गरिएको छ। जसमा कार्यसम्पादन उपसमिति उपसमितिमा लालकाजी गुरुङ, अतिथि व्यवस्थापन तथा सत्कार उपसमितिमा हिमालय बखेल, संघ संस्था व्यवस्थापन उपसमितिमा सुक बहादुर गुरुङ, सचिवालय व्यवस्थापन उपसमितिमा लोक बहादुर थापा, सांस्कृतिक व्यवस्थापन उपसमितिमा गणेश तिमिल्सिना, अनुगमन ब्यवस्थापन उपसमितिमा शान्त बहादुर थापा चयन भएका छन्।

त्यसैगरी प्रचार प्रसार उपसमितिमा दिनेश सुनार, अर्थ ब्यवस्थापन उपसमितिमा सूर्य बहादुर बानियाँ, प्रायोजक ब्यवस्थापन उपसमितिमा पूर्णकला पोखेल, स्टल ब्यवस्थापन उपसमितिमा सीमा गुरुङ, मायाको चिनो ब्यवस्थापन उपसमितिमा सन्तोष कार्की, झांकी र्‍याली ब्यवस्थापन उपसमितिमा विष्णु कुमार गुरुङ, टिकट ब्यवस्थापन उपसमितिमा जयराम आचार्य, स्वयंसेवक ब्यवस्थापन उपसमितिमा पूर्ण कुमार श्रेष्ठ, प्रकाशन तथा मुद्रण ब्यवस्थापन उपसमितिमा दिवानी सुवेदी, ब्यानर ब्यवस्थापन उपसमितिमा चन्द्रा पराजुली, सुरक्षा ब्यवस्थापन उपसमितिमा शिव थापा, फोहोर तथा खानेपानी ब्यवस्थापन उपसमितिमा पदम कार्की, खाना खाजा ब्यवस्थापन उपसमितिमा शान्ति सुवेदी, मुल्यांकन उपसमितिमा शुसिलराज पराजुली, विद्यालय समन्वय उपसमितिमा लिलाधर अधिकारी, यातायात ब्यवस्थापन उपसमितिमा रमेश बहादुर कार्कीलाई चयन गरेको छ।

त्यसैगरी पर्यटन प्रवर्द्धन उपसमितिमा श्यामकृष्ण श्रेष्ठ, ट्राफिक ब्यवस्थापनमा कृष्ण बहादुर थापा मगर, विद्युत ब्यवस्थापन उपसमितिमा हरि श्रेष्ठ, स्वास्थ्य ब्यवस्थापनमा नरहरी पनेरु, पार्किङ ब्यवस्थापन उपसमितिमा राम थापा, पृष्ठपोषण ब्यवस्थापन उपसमितिमा रिम बहादुर क्षेत्री, मुलद्धार ब्यवस्थापन उपसमितिमा चन्द्र थापा, विद्युतिय सुरक्षा उपसमितिमा राजेन्द्र तिवारी, बीमा ब्यवस्थापन उपसमितमा गणेश बहादुर खड्का, मिडिया कोअडिनेटर गिता राना र कार्यालय सचिवमा रेजिना खत्रीलाई संयोजकमा चयन गरेको छ।

त्यसैगरी १२ औं पोखरा महोत्सवको सल्लाहकारहरुमा राजेन्द्र थापा, सेती थापा, सम्मर बहादुर श्रेष्ठ, क्याप्टेन फत्ते बहादुर गुरुङ, पवित्रादेवी गुरुङ, विश्व प्रकाश लामिछाने, तीर्थलाल श्रेष्ठ, मुक्षेत्र गुरुङ, मेजर हितमान गुरुङ, प्रेमछिरी शेर्पा, लिला बहादुर जिसी, पो. म.न.पा. वडा नं १२ का अध्यक्ष सन्तोष बास्तोला, पो.म.न.पा. वडा नं १० का अध्यक्ष राजेश गुरुङ, पो.म.न.पा. वडा नं १३ का अध्यक्ष किरण बराल, पो.म.न.पा. वडा नम्बर १५ का अध्यक्ष तोरण बानियाँ, पो.म.न.पा. वडा नम्बर १४ का अध्यक्ष वोधराज कार्की, पो.म.न.पा. वडा नम्बर ११ का अध्यक्ष प्रेम कर्माचार्य, टिका बहादुर कार्की, राजेन्द्र बहादुर कार्की, गोपाल गुरुङ, कृष्ण कोइराला, राजकुमार गुरुङ, दिपक थापा, मिन गुरुङ, सुनिल गुरुङ, भरत केसी, कृष्ण कुमारी थापा, जस बहादुर गुरुङ, दया बराल, यम बहादुर गुरुङ, डम्बरजंग गुरुङ, सन्तोष सिग्देल, शिव बहादुर वराल, दान बहादुर गुरुङ, तेज बहादुर गुरुङ, शंकरनाथ पौडेल, कृष्ण बहादुर थापा, ओम सुवेदी र निलकण्ठ पोखेल चयन भएका छन्।

# कोन सामुदायिकमा सहकारी शिक्षा कार्यत्रम

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि मा शिक्षा उपसमितिद्धारा आयोजित सहकारी शिक्षा कार्यक्रम हालै सम्पन्न भयो।

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि महाप्रबन्धक सुजता हमालले उपस्थित सदस्यहरुलाई सहकारी तथा कोन सामुदायिकका विषयमा सहजिकरण गर्नुभएको थियो। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिका अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा शिक्षा उपसमिति संयोजक तथा संचालक खड्क बहादुर गुरुङ्गल संचालन गरेको कार्यक्रममा शिक्षा उपसमिति सदस्य गोविन्द प्रसाद सिग्देलले स्वागत गर्नु भएको थियो।



## अब राजनीतिक ...

अघिल्लो महिना गएको भूकम्पका कारण घरबारविहीन भएका जाजरकोट र रुकुम पश्चिममा एमालेले मङ्सिर १ गतेदेखि भूकम्प प्रभावित क्षेत्रमा सहयोग गर्न ११ सय स्वयंसेवक परिचालन गरिरहेको र आठ सय बढी अस्थायी घर निर्माण गरी हस्तान्तरण गरेको उहाँको दाबी छ। अध्यक्ष ओलीले भन्नुभयो, "एमाले जुनसुकै बेला पनि नेपाली जनताको साथमा छ, जनताको पक्षमा छ, अब दलहरूले पार्टीको मात्रै काम गर्ने होइन, विकास र समृद्धिका लागि काम गर्नुपर्छ, मुलुकमा विकासले विस्तारै गति लिँदैछ, अब हरेक ठाउँमा प्राविधिक शिक्षाको पढाइ हुने वातावरण तयार गर्नुपर्छ, गाउँलाई प्रविधिसँग जोडेर समृद्धि हासिल गर्नु जरुरी छ।" एमालेले मध्यपहाडको अवस्था बुझेर यहाँको विकासका लागि खाका तयार गर्नका लागि झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका यात्रा थालेको बताउनुभयो। यात्राका क्रममा धेरै ठाउँका विकास हुँदै गएको देखेको अध्यक्ष ओलीको भनाइ छ।

मङ्सिर १४ गतेदेखि सुरू भएको झुलाघाट-चिवाभञ्ज्याङ मध्यपहाडी लोकमार्ग यात्राको क्रममा एमालेको टोली बुधबार पश्चिम बागलुङ आइपुगेको छ।

## खानेपानीको ...

पहिले पत्येक घरबाट पैसा उठाएर पाइप खरिद गरी एउटा धारा बनाएर पानी खाएको स्थानीय उहाँले बताउनुभयो। "कतैबाट पनि सहयोग नपाएर हामीले नै पैसा उठाएर माथि मुहानबाट पानी ल्याएर खाने गरेका छौं," नेत्रबहादुरले भन्नुभयो, "त्यही पनि फागुन चैतमा त सुक्छ अनि जारको पानी किनेर खाने हो। कहिलेकाहीँ मूलतिरै पाइप काटिदिने पनि गर्दछन्।"

पोखरा महानगरपालिका-१८ का वडाध्यक्ष शिवप्रसाद तिमिल्सिनाले पानीका लागि वडा र महानगरले पहल गरिरहेको जानकारी दिनुभयो। "यो वडाको पानीका मूल एकीकृत गरी वितरण गर्न लौरुक खानेपानी योजना छ। प्रदेश मातहतबाट आठ वटा ट्याङ्की बनेका छन्," उहाँले भन्नुभयो, "जलारी बस्ती भन्दामाथि दुई लाख लिटर क्षमताको ट्याङ्की बनाउनुपर्ने छ।

यसका लागि पत्राचार पनि गरिसकिएको छ।"यो वर्षभित्र ट्याङ्की निर्माण गरी पानी वितरण गर्ने योजना रहेको वडाध्यक्ष तिमिल्सिनाले सुनाउनुभयो। जलारी समुदायमा खानेपानीको समस्या समाधानका लागि त्यस क्षेत्रका सांसदहरूले पनि साथ दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

# एएफसी सि डिप्लोमा स्तरको फुटवल प्रशिक्षक प्रशिक्षण सुरु

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर



पोखरा क्षेत्रको फुटवल खेलको विकास गर्न एएफसी सी लेवलको डिप्लोमा फुटवल प्रशिक्षक प्रशिक्षण सुरु भएको छ। अखिल नेपाल फुटवल संघ (एन्फा) कास्कीको आयोजनामा आज देखि पोखरा रंगशालामा एक हप्ते उक्त प्रशिक्षण सुरु भएको एन्फा कास्कीका अध्यक्ष उज्ज्वल रञ्जितले बताउनु भयो।

गण्डकी प्रदेशका कास्की, बागलुङ, गोर्खा र मनाङ, त्यसै गरी डोल्पा, ललितपुर, काठमाडौं, विरगन्जबाट गरी २४ जना प्रशिक्षार्थीहरु रहेको उहाँले बताउनु भयो। पहिलो चरणको उक्त प्रशिक्षणमा दैनिक जसो ८ घण्टा प्रशिक्षण हुने भएको छ भने एक महिना पछि पुनः दोश्रो चरणमा प्रशिक्षण हुने भएको एन्फा कास्कीका महासचिव बुद्धी बहादुर खत्री क्षेत्रीले बताउनु भयो। नेपालमै एएफसी मान्यता प्राप्त फुटवल प्रशिक्षकमा हरि खड्का र सजिव सिंह रहनु भएको छ। उहाँहरुले नै पोखरामा संचालन हुने उक्त प्रशिक्षण दिदै हुनुहुन्छ। कार्यक्रम संयोजक एवं पूर्व राष्ट्रिय खेलाडी हरि खड्काले एएफसीको नियम अनुसार फुटवल प्रशिक्षण हुने बताउनु भयो। पोखरा र यस क्षेत्रको फुटवल खेलको बिकास गर्न उक्त तालिमले धेरै सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नु भयो। नेपालको फुटवलको भविश्य कता लैजाने भन्ने प्रशिक्षकहरूको हातमा हुने उहाँको भनाई थियो।

उक्त कार्यक्रमको बुधबार पोखरामा एक समारोहका बिच उद्घाटन गर्दै प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले फुटवल खेलको विकासमा उक्त तालिम अति फलदायी हुने दाबी गर्नु भयो। २२-२८ बर्ष खेल्ने खेलाडी व्यावसायिक हुन नसकेर बिदेशीनु पर्ने बाध्यता रहेको दाबी गर्दै उहाँले पोखरा क्षेत्रमा फुटवल प्रतियोगिता कम भएको गुनासो गर्नु भयो। प्रदेशका खेलाडीलाई प्रोत्साहन गर्ने सदस्इ सचिव शर्माले बताउनु भयो। पोखरामा हुने ५, ७ जना बिचको फुटवल हुनु राम्रो नभएको उहाँको भनाई थियो। खेलाडीको भविष्यमा टिकाउने गरी प्रदेशले केही नविन कामको सुरुवात गर्न लागेको बताउदै सदस्य सचिव शर्माले गण्डकी खेदकुद पदक, खेलाडी बिमा, खेलाडी अक्षयकोस स्थापना गर्ने लगायतका कार्यक्रम ल्याउन लागेको बताउनु भयो। प्रदेशमा करिब हालसम्म विभिन्न खेलका ५ सय रेफ्रि अध्यावधिक भएको उल्लेख गर्दै उहाँले बाँकी रेफ्रिहरुलाई अध्यावधिक गर्न आग्रह गर्नु भयो। जिल्ला खेलकुद बिकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानियाले उक्त तालिमले दक्ष प्रशिक्षक उत्पादन हुने, फुटवलमा उत्पादनको उर्भर भूमि पोखरा कास्की फुटवल खेलमा कमचासो गएको दाबी गर्नु भयो। अब कसरी राष्ट्रिय खेलाडीहरू समावेश गर्न सकिन्छ यसमा परिषद, एन्फा, समितिले सोच्नु पर्ने, तल्लो तहबाट यस खेलकुदलाई समावेस गर्नुपर्ने उहाँको भनाई थियो। नेपालमा १ सय ६७ जना फुटवल खेलको सी लेवलको उत्तीर्ण प्रशिक्षकहरु रहेको बताइन्छ। उक्त प्रशिक्षण यस अघि विराटनगर, धरानमा समेत सम्पन्न भएको छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (वृाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# एनसेलको अपारदर्शी काम

प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको सेयर स्वामित्व खरिद बिक्री रोक्न सरकारलाई निर्देशन दिएको छ । सिंहदरबारमा बुधबार बसेको समिति बैठकले एनसेलको सेयर खरिद बिक्री रोकेर अनुसन्धान गर्न सरकारलाई निर्देशन दिएको छ । एनसेलको कारोबार अपारदर्शी र संसयपूर्ण रहेकाले अनुसन्धान गर्नुपर्ने र निचोडमा पुग्नुपर्ने भएकाले सेयर खरिद बिक्री रोक्नेर अनुसन्धान गर्नुपर्ने समितिको ठहर छ। एनसेलका विषयमा ३० दिनभित्र स्वतन्त्र अनुसन्धान गरी जानकारी गराउन सरकारलाई निर्देशन दिइएको समिति सभापति ऋषिकेश पोखरेलले जानकारी दिएका छन ।

त्यसअघि बैठकमा कम्पनी रजिस्टारको कार्यालयका रजिस्ट्रार दीपककुमार पहाडीले एनसेलको ८० प्रतिशत सेयर अर्को कम्पनीलाई हस्तान्तरण भएकोसम्बन्धी कुनै कागजात कम्पनी रजिष्ट्रार कार्यालयमा पेस नगरेको बताएका छन । उनले यसअघि पनि एनसेल खरिद बिक्रीका क्रममा रजिष्ट्रार कार्यालयमा अद्यावधिक गरेको नदेखिएको जानकारी दिएका छन। एनसेलको सेयर खरिद बिक्री प्रकरण देशको हित विपरीत देखिएकाले तत्काल प्रक्रिया रोक्न निर्देशन दिनुपर्ने धारणा सांसदहरुको छ। समिति सदस्य अर्जुन नरसिंह केसीले एनसेल प्रकरणमा उच्चस्तरीय न्यायीक छानबिन हुनुपर्ने माग गरेका थिए। एनसेलले बिक्री गरेको सेयर नेपाल सरकार आफैंले किन्नुपर्ने प्रस्ताव पनि साँसदहरुको छ ।

समिति सदस्य योगेश भट्टराईले एनसेल प्रकरण सामान्य नभएको भन्दै प्रधानमन्त्रीले समितिमा जवाफ दिनुपर्ने माग छाराप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले एनसेल खरिद बिक्री प्रकरणको छानबिनका लागि आयोग गठन गर्नुपर्ने सुझाव छ। एनसेल खरिद बिक्रीले राज्यलाई घाटा हुने भएपनि राज्यको कुनै निकायले चासो दिएको छैन । सरकार प्रमुख र गगठबन्धन दलका नेताको संलग्नताको प्रश्न उठेको छ । समिति बैठकले एनसेलका विषयमा छलफल गर्न समितिले प्रधानमन्त्री पुष्पकमल दाहाललाई नै बोलाउने निर्णय गरेको छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाल सुपर लिग फुटबलमा पोखरा विजयी

रासस
काठमाडौं, २० मंसिर

नेपाल सुपर लिग फुटबल प्रतियोगितामा पोखरा थन्डर्सले स्पोर्टिङ इलामलाई पराजित गर्दै विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा पोखराले इलामलाई १–० गोल अन्तरले पराजित गर्दै विजयी भएको हो । पोखराका लागि दोस्रो हाफको सुरुमै सञ्जीव विष्टले गोल गरे । उनले खेलको ४७ औं मिनेटमा गरेको एक गोल नै पोखराको लागि निर्णायक गोल साबित भयो ।

यस जितसँगै चार खेल खेलको पोखरा थन्डर्स ८ अङ्कका साथ अङ्क तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । त्यस्तै स्पोर्टिङ इलाम भने समान चार खेलबाट ३ अङ्कसहित छैटौं स्थानमा छ ।

उक्त प्रतियोगितामा भोलि एफसी चितवनले बुटवल लुम्बिनीको सामना गर्नेछ ।

# स्वर सम्राट नारायण गोपालको ३३ औं स्मृति दिवस

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

स्वरसम्राट नारायण गोपालको ३३ औं समृति दिवस कार्यक्रम पोखरामा सुसम्पन्न भएको छ ।

सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठान पोखराको आयोजनामा सम्पन्न सो कार्यक्रममा पोखराका विभिन्न सांस्कृतिक संस्थाहरु, पोखरेली युवा सांस्कृतिक परिवार, सङ्गीत प्रशिक्षण केन्द्र, त्रीवेणी सङ्गीतालय, जोजिजू म्युजिक सेन्टर, भक्ति सङ्गीत प्रतिष्ठान आदि संस्थाहरुको सहकार्य रहेको थियो । सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष नवराज बरालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका प्रमुख आमन्त्रित पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, विशेष अतिथि गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मन कुमार श्रेष्ठ, संस्कृतिकर्मी अभिमन्यु विक्रम थापा, नारायण प्रसाद अर्याल लगायतले संगीत क्षेत्रमा स्वरसम्राटले पुऱ्याउनु भएको योगदानको विषयमा चर्चा गनुभएको थियो । जोजिजु म्यूजिक सेन्टरको संयोजन तथा पोखरा प्रज्ञा प्रतिष्ठानको बिशेष सहयोगमा सम्पन्न कार्यक्रममा नबराज बराल, सबिना सुनार, बिनित जोजिजु, एम डि काप्ले, लक्ष्मी गिरी, बिनोद राई, प्रदिप सारु मगर, जय चापागाई, नबिन छन्त्याल, अर्जुन कार्की, रोशन गुरुङ, गौरब थापा, महिमा श्रेष्ठ, उत्प्रेम जोजिजु, सानु जोजिजूले नारायण गोपालका विभिन्न लोकप्रिय गीतहरु प्रस्तुत गर्नुभएको थियो ।

सो कार्यक्रमको संगीत समूहमा नवराज बराल, पप्पु थापा मगर, मिलन गिरी, उत्प्रेम जोजिजू, अनुपम रिजाल, जय चापागाइले साथ दिनुभएको थियो ।

# वालिङमा बाँस उद्योग सञ्चालन हुँदै

पोखरापत्र संवाददाता
वालिङ, २० मंसिर

स्याङ्जाको वालिङ नगरपालिकाअन्तर्गत आँधीखोला किनारमा रहेका बाँसका सामग्री उत्पादन गर्न उद्योग स्थापना गरिने भएको छ ।

वालिङ नगरभित्र पर्ने आँधीखोला किनारमा रहेका बाँसलाई अत्याधुनिक प्रविधिको प्रयोग गरी बाँसजन्य सामग्री उत्पादन गर्ने उद्योग सञ्चालन गर्नका लागि नगरपालिका र छाता संस्था नेपालबीच सम्झौता भएको हो । सम्झौतापत्रमा नगरप्रमुख कृष्ण खाण र छाता संस्था नेपाल गैरसरकारी संस्थाका अध्यक्ष मेघबहादुर आलेबीच हस्ताक्षर गरिएको हो । आँधीखोलाको दुवै किनारामा रहेका बाँसको प्रयोग गर्दै बाँसबाट बने विभिन्न प्रकृतिका सामग्री उत्पादन गर्नका लागि नगरपालिका कार्यालय र छाता संस्था नेपालबीच सम्झौता भएको छाता संस्था नेपालका अध्यक्ष आलेलेबताउनुभयो।"आँधीखोलाको किनारमा प्रशस्त मात्रामा बाँस छन्, ती बाँस त्यसै खेर गइरहेको अवस्था छ", उहाँले भन्नुभयो, "बाँसबाट धेरै प्रकारका सामग्री बनाउन सकिने अध्ययनबाट देखिएकाले उक्त प्रविधिलाई वालिङमा भित्र्याउने तयारी गरेका हौं ।"

'आँधीखोला स्कुल अफ बेम्बो टेक्नोलोजी एन्ड रिभर रेस्टोरेसन' परियोजनामार्फत बाँसका सामग्री उत्पादन गर्ने उद्योग स्थापना गरिने भएको हो । उक्त उद्योग सञ्चालनका लागि लक्जेम्बर्गको ओएनजिडी कम्पनीले बीउ पुँजी उपलब्ध गराउने अध्यक्ष आलेले बताउनुभयो । "सीप र प्रविधिको अभावका कारण खेर गइरहेका बाँसलाई गाँस, बास, कपास र विकाससँग जोड्न सकिन्छ", उहाँले भन्नुभयो, "उद्योग स्थापनासँगै बाँसका सामग्री उत्पादन, ब्रान्डिङ र बजारीकरण गर्छौं ।" परियोजनामार्फत वालिङमा नयाँ प्रविधि भित्र्याउनाका साथै स्थानीयलाई सीप हस्तान्तरण गरी आर्थिक उपार्जनसँग जोड्दै जाने उहाँले बताउनुभयो। नदीको संरक्षणका लागि नदी किनारमा नयाँ प्रजातिका बाँस थप गरेर नर्सरी स्थापना हुनेछन् । "परियोजना सञ्चालनसँगै स्थानीय युवा तथा महिलालाई बाँसबाट बन्ने हस्तकलाका सामग्री बनाउने सीप प्रदान गरिने भएकाले रोजगारीको अवसर मिल्छ", उहाँले भन्नुभयो, "नदी संरक्षणसँगै लोपोन्मुख अवस्थामा रहेको माछी जातिको माछा मार्ने पेसालाई पुनःस्थापित गर्नेछौं ।" स्थानीय सरकारलाई सबल र सक्षम बनाउनका लागि पनि आम्दानीको स्रोत बढाउँदै जानुपर्ने भएकाले बाँस उपयुक्त स्रोत हुनसक्ने सम्भावना देखिएकाले साफेदारीमा परियोजना सञ्चालनको तयारी गरेको नगरप्रमुख खाण बताउनुहुन्छ । "परियोजना सञ्चालन हुँदै गर्दा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुन्छ", उहाँले भन्नुभयो, "त्यसै खेर गइरहेका बाँसलाई आम्दानीको स्रोतका रूपमा परिवर्तन गर्न पाउनु हाम्रा लागि पक्कै पनि राम्रो अवसर हो ।" स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना हुने, नयाँ नयाँ प्रविधि तथा सीप वालिङमा भित्रिने र वालिङको पहिचानका रूपमा बाँसका सामग्रीलाई स्थापित गर्नका लागि पनि यस परियोजनाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास उपप्रमुख कविता तिवारी गैह्रेको छ । पहिलो चरणमा पाँच वर्ष अवधिको रहने परियोजना क्रमशः थप गर्दै लगिने भएको हो । परियोजना सञ्चालनका लागि अनुमानित रु चार करोड खर्च हुने बताइएको छ ।

# पर्यटन प्रवर्द्धन गर्न बागलुङ महोत्सव

पोखरापत्र संवाददाता
बागलुङ, २० मंसिर

गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धन तथा स्थानीय उत्पादनको बजारीकरणका निम्ति बागलुङ उद्योग वाणिज्य सङ्घको आयोजनामा आगामी पुस ११ देखि २१ गतेसम्म बागलुङ महोत्सव हुने भएको छ ।

पछिल्लो समय बागलुङको व्यापार सुस्ताउँदै गएकाले बजारलाई चलायमान बनाउने उद्देश्यले महोत्सव आयोजना गर्ने निर्णय भएको सङ्घका अध्यक्ष नरेश कँडेलले रासससलाई जानकारी दिनुभयो । घरेलु तथा कृषि उत्पादन, जडीबुटी, हस्तकलाका सामग्रीसहित एक सय २० भन्दा बढी प्रदर्शनी कक्ष रहने तथा तिनमा स्थानीय वस्तु तथा सेवाको प्रदर्शनी गरिने उहाँले बताउनुभयो ।

हरेक तीन वर्षमा हुँदै आएको महोत्सव कोभिड–१९ का कारण प्रभावित भएको थियो । महोत्सवका क्रममा पुरुष भलिबल प्रतियोगिता, नृत्य, दोहोरीलगायत प्रतियोगिता आयोजना हुनेछन् । महोत्सवको नारा 'पर्यटन, कृषि, कला संस्कृति, उद्योग र व्यापार समुन्नत बागलुङ निर्माणको आधार' छ ।

# इण्डो नेपाली फिल्म 'हिटम्यान' टोली पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर



नेपाल-भारत संयुक्त लगानीमा निर्माण भएको फिल्म 'हिटम्यान'को टोलीले पोखरा आएर पत्रकारसँग साक्षत्कार गरेको छ । बुधबार चलचित्र पत्रकार संघ कास्कीले आयोजना गरेको पत्रकार सम्मेलनमा उपस्थित पत्रकारसँग हिटम्यानका नायक एवम् निर्देशक विष्णु अधिकारीले साक्षत्कार गरेका हुन् ।

अधिकारीले हिटम्यान १६ भाषामा रिलिज हुने जानकारी गराए । उनले पहिलो पटक इण्डो नेपाली फिल्म ओटिटी प्लेटफर्म अमेजनमा प्रदर्शन हुने समेत उल्लेख गरे । आउँदो फेब्रुअरी १५ मा विश्वव्यापी प्रदर्शन हुने फिल्मको पोस्टर र टिजर भने सार्वजनिक गरिएको छ ।

काठमाडौं र पोखरासहित यो फिल्मलाई भारत, श्रृलंका, दुवै र फ्रान्समा समेत खिचिएको छ । यो फिल्म नेपालीसँगै हिन्दी, तेलुगु, तमिल, कन्नडा, मलायलम, अरबी र चिनियाँ भाषामा प्रदर्शन हुने जनाइएको छ । नेपालकी चर्चित नायिका आँचल शर्मा र कलाकार प्रशान्त ताम्राकारको समेत अभिनय रहेको फिल्ममा विष्णु आशावादी छन् । फिल्ममा नेपाल, भारत र पाकिस्तानको सम्बन्धका विषयलाई समेत उठान गर्न खोजिएको उनले सुनाए । साउथ फिल्म मन पराउने दर्शकले हिटम्यान रुचाउने उनले बताए । साउथ फिल्ममा जस्तो प्रविधि प्रयोग गरेर हिटम्यान निर्माण गरिएको जानकारी उनले गराए । अमेजन प्राइम भिडियोका तर्फबाट भेन्डरपार्टनर बनेर आएका प्रतिनिधि राजिभ थसभतापलीले इण्डो नेपाली फिल्म हिटम्यानसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए ।

पत्रकार सम्मेलनमा नेपालका लागि वितरक केदार पराजुली लगायतको उपस्थिति थियो । दीपक अधिकारी निर्माता रहेको फिल्ममा साउथका चर्चित संगीतकार मन्त्र आनन्द, सम्पादक बि नागेश्वर रेडीले पनि सहकार्य गरेका छन् ।

# सुनाखरीको राजधानीमा भदौरे पञ्चासे महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

सयौं प्रजातिका सुनाखरी पाइने प्रसिद्ध पञ्चासे संरक्षित वनको ठूलो क्षेत्र कास्कीको अन्नपूर्ण गाउँपालिका–४ स्थित भदौरे गाउँले ओगटेको छ ।

पञ्चासे पुग्ने प्रवेशद्वारको रूपमा रहेको यहाँबाट निलगिरि, धौलागिरि, माछापुच्छ्रेलगायत हिमाली दृश्य देख्न सकिन्छ । पोखराबाट ३० किलोमिटरको दुरीमा यहाँ पुग्न सकिन्छ ।

गाउँसहित समग्र पञ्चासे क्षेत्रको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ भदौरेमा यही पुस पाँच गतेदेखि ९ गतेसम्म '२५औं भदौरे पञ्चासे महोत्सव' गर्न लागिएको महोत्सव संयोजक विश्वदल गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार भदौरे क्लब र भदौरे आमा समूहको आयोजना एवम् अन्नपूर्ण गाउँपालिकाको सहयोगमा महोत्सव हुन लागेको हो । महोत्सवमा रजतजयन्ती विशेष कार्यक्रम, तमु ल्होसार, कोदोको परिकारको प्रवर्द्धन तथा फुटबल र नृत्य प्रतियोगिताका साथै विविध मनोरञ्जनात्मक कार्यक्रम गरिने गुरुङले बताउनुभयो । यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न महोत्सवको ठूलो भूमिका हुने भएकाले यसलाई निरन्तरता दिइएको क्लबका सल्लाहकार तथा अन्नपूर्ण–४ का वडाध्यक्ष आइन्दल गुरुङले बताउनुभयो । महोत्सवमा स्थानीयस्तरमा उत्पादित कोदोबाट बनाइएका विभिन्न खानाका परिकारको स्वाद लिन पाउनुका साथै विविध खेलकुद तथा सांस्कृतिक कार्यक्रम अवलोकन गर्न पाइने क्लबका अध्यक्ष अनिल गुरुङले जानकारी दिनुभयो । सुन्दर गाउँ अवलोकनसँगै बस्न चाहनेका लागि घरवास(होमस्टे)को समेत व्यवस्था रहेको उहाँले बताउनुभयो । पर्यटक आवासको लागि भदौरे गाउँमा होटेल तथा होमस्टे सञ्चालित छन् । महोत्सवको साथमा भदौरेबाट पञ्चासे पर्यावरणीय पदयात्रा, होमस्टे, पञ्चासे योगा तथा मेडिटेसन, पञ्चासे ईको क्याम्प (सानो घर) आवास, पञ्चासे जङ्गल सफारी, फरेस्ट थेरापी तथा जङ्गल भ्रमणको अनुभव लिन सकिने पञ्चासे क्षेत्र विकास समितिका प्रवक्ता नवराज पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार महोत्सवमा हुने ७ 'ए' साइड फुटबल प्रतियोगितामा प्रथम हुने टिमलाई नगद रू एक लाखका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । दोस्रो हुने टिमले नगद रू ६० हजारका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । सेमिफाइनलसम्म पुग्ने टिमलाई रू २०/२० हजारका दरले सम्मान गरिने आयोजकले जनाएको छ ।

# फुतफुते झरनाले लोभ्यायो पर्यटकलाई

पोखरापत्र संवाददाता
म्याग्दी, २० मंसिर

गत हप्ता अन्नपूर्ण हिमालको आधार शिविरको पदयात्रामा जानुभएका पूर्व मुख्य सचिव डा सोमलाल सुवेदी करिब एक घण्टा फुतफुते झरनामा बिताउनुभयो । उहाँसँगै आउनुभएका पर्यटनविद् रामहरि लामिछाने पनि अन्नपूर्ण गाउँपालिका–४ स्थित फुतफुते झरनाको सौन्दर्यमा रमाउनुभयो । "फुतफुते झरना अवलोकन गर्दा प्रकृतिको दाइने आँखाको मोति खसेझैं महसुस भयो," उहाँले भन्नुभयो "अमेरिकाको नाग्रा फल्स भन्दा धेरै सुन्दर लाग्यो यो झरना । एक पटकै आउनैपर्ने ठाउँ रहेछ ।" फुतफुते झरनाको वेसान आवाजमा रमाउदा जलको मोतिमा डुबेको अनुभव गरेको पर्यटनविद् लामिछानेले बताउनुभयो ।

उहाँहरूका लागि मात्र नभएर नारच्याङदेखि अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गको भ्रमणमा आउने पर्यटकका लागि फुतफुते झरना थकान मेटाउने र प्रकृतिसँग रमाउने थलो बनेको छ । कडा चट्टानलाई बीचमा पानीको बहावले काटेर झर्ने झरनाको पानीको दृश्यले यात्रालाई रोमाञ्चक बनाएको पूर्व मुख्य सचिव सुवेदीले बताउनुभयो । "सबै झरना पहाडबाटै बग्ने हुन्, तर यो झरनाले पहाडलाई छेडेर निस्किएजस्तो देखिन्छ," उहाँले भन्नुभयो "झरनाको फेदीमा रहेको निलो रङको पानीको तलाउ नियालेर धित नै नमर्ने रहेछ ।" अग्लो पहाडबाट सेतो रङगमा खस्ने झरनाको फेदीमा बनेको निलो रङको सफा तलाउ मनमोहक छ । करिब ५० मिटर उचाइको झरनाको फेदीमा गोलो आकारको तलाउ छ । वनजङ्गल, एकान्त वातावरण र पहाडको फेदीमा रहेको फुतफुते झरनाको सुन्दरताले यात्राको थकान मेटाउने र मनलाई शान्त बनाएको अन्नपूर्ण गाउँपालिका–६ घारका राजाराम बरुवालले सुनाउनुभयो । नीलगिरि र अन्नपूर्ण हिमालबाट आउने मिस्त्रीखोलाको पानी यसै झरना भएर बग्नेगर्छ । झरना र फेदीमा रहेको पानीको तलाउमा पर्यटकले तस्बिर र भिडियो खिचेर रमाउने गर्छन् । अन्नपूर्ण हिमालका प्रथम आरोही फ्रान्सका मौरिस हर्जोगले हिमाल आरोहण गर्दा प्रयोग गरेकै बाटो समेटेर पदमार्ग तयार भएको छ । प्रथम आरोहीको सम्मानमा यो पदमार्गको नाम 'मौरिज हर्जोग' राखिएको छ । फुतफुते झरना यो पदमार्गको आकर्षण बनेको वडा सदस्य भीम शेरपुञ्जाले बताउनुभयो । नारच्याङदेखि हुमखोलासम्म दुई घण्टा गाडी र हुमखोलादेखि एक घण्टा ३० मिनेट पैदल हिँडेपछि फुतफुते झरनामा पुग्न सकिन्छ । हुमखोला भन्दामाथि बस्ती नभएकाले खाने बस्ने सुविधा छैन् । पर्यटक आफैले तयारी खाना खाजा लिएर जानुपर्छ ।सामाजिक सञ्जाल र सञ्चार माध्यममा यो झरना 'भाइरल' बनेको छ । दुई वर्षअघि सुनसान हुने झरना हेर्न मात्रै दैनिक २०/३० आन्तरिक पर्यटक आउने गरेका मौरिस हर्गोज पदमार्गका अभियन्ता तेज गुरुङले बताउनुभयो ।

फुतफुते झरनाको परिसरमा पर्यटन पूर्वाधार निर्माण गरी प्रवर्द्धनका लागि तयारी गरिएको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । "फुतफुते झरना वारपारका लागि अहिले रहेको काठको झोलुङ्गो पुललाई मर्मत गर्ने तयारी गरिएको छ," उहाँले भन्नुभयो "फुतफुतेसहित मौरिस हर्गोज पदमार्ग र अन्नपूर्ण आधार शिविरक्षेत्रमा पूर्वाधार निर्माणका लागि पर्यटन गुरुयोजना बनाउन अध्ययन सुरु भएको छ ।"

# मौरीपालनबाट आम्दानी गर्दै तोगीका युवा

**हरिप्रसाद बाँस्तोला**
पोखरा, २० मंसिर/ रासस

कास्की जिल्लाको मादी गाउँपालिका-११ तोगी लम्तरीका विनोद ढकालले गाउँमै मौरीपालनबाट मनग्य आम्दानी गरेर सबैका लागि अनुकरणीय बन्नुभएको छ । उहाँले सहर भर्ने र विदेश जाने युवालाई आफ्नो जन्मभूमिमा बसेर पनि आम्दानी गर्न सकिन्छ भन्ने सन्देश दिइरहनुभएको हो ।

समुद्री सतहबाट एक हजार दुई सय मिटरको उचाइमा रहेको विकट बस्तीमा मह र महुरीसहितको घार बिक्रीबाट एक वर्षको अवधिमा रू सात लाख आम्दानी गरेको २७ वर्षीय ढकालले जानकारी दिनुभयो । “परम्परागत खरले छाएको घुमाउने घरैभरि र वरिपरि करेसाबारीमा राखिएका ३२ वटा मौरीका घारबाट उत्पादित महको मुख्य बजार पोखरा हो”, उहाँले भन्नुभयो, “घरबाट मह प्रतिकिलो रू एक हजार चारसय र माग अनुसार सम्बन्धित स्थानमा पुर्‍याउँदा थप रू एक सय लिने गरेको छु ।” तोगीगाउँ भन्दामाथि बस्ती नभएको चिसो भए पनि झुल्के घाम लाग्ने उक्त पाखोमा महत्त्वपूर्ण जडीबुटीको खानी तथा घना जङ्गल भएकाले मौरीका लागि प्रशस्त चरण क्षेत्र रहेको ढकालले बताउनुभयो । यहाँ उत्पादित अर्गानिक मह र घारको माग तीव्र रहेको उहाँले राससलाई जानकारी दिनुभयो । कात्तिक/मङ्सिरमा मात्र तीन सय केजी मह उत्पादन भई बिक्री गरेको ढकालले बताउनुभयो । उहाँका अनुसार एक वर्षको अवधिमा ३८ थान मौरीसहितको घार समेत बिक्री भएको छ । मौरी सहितकोप्रति घारलाई रू दश हजारमा बिक्री वितरण गर्दै आएको उहाँको भनाइ थियो । गाउँका अधिकांश घारमा सेरेना जातका मौरी रहेका छन् । बुबाले विसं २०६७ देखि सुरु गर्नुभएको मौरीपालन यतिखेर व्यावसायिक रूपमा परिणत भएको बताउँदै ढकालले भन्नुभयो, “गाउँमा बसेर २० घार मौरी पाल्ने हो भने कोही पनि भोकले मर्नुपर्दैन ।” उमेरले समूहले नछेक्ने, खासै समय पनि दिनु नपर्ने, बिक्री हुँदैन कि भन्नु नपर्ने, मौरिपालनबाट राम्रो आम्दानी लिन सकिने हुँदा पैसा कमाउन जन्मथलो र परिवार छोडेर विदेश र सहरतर्फ भौँतारिनु नपर्ने उहाँको भनाइ थियो । मौरीपालक किसान सोमनाथ खनालका अनुसार घर र आसपासमा मौरीका २२ घार छन् । यस सिजनमा उत्पादन भएको ६५ लिटर मह बिक्रीबाट रू एक लाख तीस हजार आम्दानी भएको उहाँले जानकारी दिनुभयो । महको मागअनुसार पोखराको लेकसाइडमा प्रतिलिटर रू दुई हजारका दरले बिक्री गरेको बताउँदै उहाँले भन्नुभयो, “मौरीलाई खासै ध्यान दिनुपर्दैन । असिनापानीको बढी डर हुन्छ । मलछाप्रो, अरिङ्गाल, चिभेचरो, कमिला, खपटेकीरालगायत जङ्गली जनावर, चराचुरुङ्गीबाट जोगाउनु भने पर्छ ।” कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन बी र सी, आइरन, म्याग्नेसियम, क्याल्सियम, पोटासियम, फस्फोरस, सोडियमजको भण्डारकारूपमा लिइने बहुउपयोगी खाद्य वस्तु प्राप्त हुने महको सेवनकर्ता बढेपछि पछिल्लो समय मागसमेत बढेको किसान बताउँछन् । स्थानीय मौरिपालन गर्दै आउनुभएका अगुवा किसान पित्रृराज लामिछानेले मह भन्दा मौरीसहितका घार बिक्रीमा विशेष ध्यान दिँदै आउनुभएको छ । मह उत्पादन गरी बिक्री गर्नुभन्दा मौरीसहितका घार बिक्री वितरण गर्दा व्यावसायिक मौरीपालन विस्तार हुने, मह उत्पादन वृद्धि हुनुका साथै रोजगारीसमेत सिर्जना हुने उहाँको विश्वास छ ।

एक वर्षको अवधिमा आफ्नो र छिमेकीको गरी रू ३५ लाख मूल्य बराबरका तीन सय पचास गोलासहितका घार बिक्री गरेको बताउँदै लामिछानेले भन्नुभयो, “यस क्षेत्रमा रहेका सबै घरमा धेरै/थोरै घार छन् । गाउँमा वार्षिक रू एक करोड भन्दा बढी सहरको पैसा आउने गरेको छ ।” कात्तिक/मङ्सिर र फागुन महिनामा मौरीले गोला वृद्धि गर्ने भएकाले सोही समयमा नयाँ घारमा राख्न उचित हुने उहाँको भनाइ थियो । कास्की जिल्लाका पाँचवटै स्थानीय तह तथा छिमेकी जिल्ला गोरखा र स्याङजामा मौरीका घार बिक्री गर्दै आएको बताउँदै लामिछानेले उहाँले थप्नुभयो, “अन्य काठको तुलनामा टुनी जातको काठमा बनाइएको घारको मूल्य बढी हुन्छ ।” एउटा घारबाट फुटाएर एक वर्षमा १० घारसम्म मौरी बनाउने गरेको उहाँले बताउनुभयो । स्थानीय सरकार एवम् विभिन्न सङ्घसंस्थाले किसानलाई मौरी घार वितरण गरेपनि प्रविधि र ज्ञानको अभावमा उनीहरूले उचित फाइदा लिन नसकेका लामिछानेको भनाइ थियो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(एक्याप) इलाका संरक्षण कार्यालय सिक्लेसद्वारा ५० प्रतिशत अनुदानमा प्रत्येक घरलाई मौरी सहितको एक। एक घार वितरण गरेसँगै यस क्षेत्रमा मौरीपालन सुरु भएको लामिछानेले जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकारले स्थापनाकालदेखिनै यस गाउँलाई मह पकेट क्षेत्र घोषणा गरेर मौरीघार विस्तारमा जोड दिँदै आएको गाउँपालिकाका अध्यक्ष देवीजङ गुरुङले बताउनुभयो । किसानलाई घारसहित आवश्यक तालिम, अत्याधुनिक प्रविधि, सुरक्षाका सामग्री वितरण गर्दै आएको उहाँले जानकारी दिनुभयो । मह उत्पादनका लागि आवश्यक सीप, ज्ञान र प्रविधिमा सहयोग गर्दै आइएको गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार मादी गाउँपालिकाका अधिकांश वडामा मह उत्पादनको प्रचुर सम्भावना रहेको छ ।

पालिकाले पकेट क्षेत्रकारूपमा विकास गर्न चालु आर्थिक वर्षमा १५ देखि २० लाख मूल्य बराबरका मौरीसहितका घार खरिद गरी किसनालाई वितरण गर्ने योजना बनाएको गुरुङले जानकारी दिनुभयो । यसमा पालिकाकोतर्फबाट ५० प्रतिशत अनुदानको व्यवस्थागरिएको उहाँले बताउनुभयो । गाउँपालिकाका विशेष गरी तोगी, याङजाकोट, घ्यामरुङलगायत स्थानमा राम्रो मह उत्पादन हुने जनाउँदै अध्यक्ष गुरुङले भन्नुभयो, “मौरीसहितको घार पाउन त्यति सहज छैन । लम्तरी तोगीका किसना पित्रृराज लामिछानसँग घार लिनको लागि छ महिलाको समय लाग्ने र झण्झटिलो खरिद प्रक्रियाले थप असहज हुने गरेको छ ।” गण्डकी प्रदेशको राजधानी पोखराबाट विजयपुर, कालिका, माझठानाको सौरे, भगवतीटार, बरालडाँडा हुँदै सो स्थानमा पुग्न सकिन्छ । सौरेसम्म पक्की सडक भए पनि बाँकी गाउँसम्म पुग्न कच्ची मोटर बाटो पुगेको छ ।

# विकासमा नागरिकका आवश्यकताको चाङ्ग

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २० मंसिर



मुलुक संघीय संरचनामा गएको ८ बर्ष पुरा भएको छ । एक कार्यकाल पुरा गरी दोस्रो पटक तिनैतहका निर्वाचन सम्पन्न भएको पनि एकबर्ष पुरा भएको छ । निर्वाचनका बेला आश्वासन बाढ्ने नेताहरुले चुनाब जितेर गएपनि नागरिकका समस्या पुरा नगर्ने तर आश्वसन भने पटक पटक दिने गरेको गुनासो उनीहरुको छ ।

दलित समुदायकै भएका कारण लामोसमय देखी खानेपानी र सडकबाट बन्चित भएको दुखेसो पोखिन् स्याङ्जा वालिङ १४ की उषकुमारी मिजार । सांसदहरु आउदै छन् भन्ने थाहा पाएर मेलापात छाडेर आफ्नो आवश्यकता माग्न आएकी मिजारले सडक र खानेपानी कहिले पाइन्छ भनेर प्रश्न गरिन् । स्याङ्जाको वालिङ नगरपालिका १४ पेखुमा गण्डकी प्रदेश संसदीय पत्रकार मन्चले आयोजना गरेको नागरिक सुनुवाई कार्यक्रममा उनले यो दुख व्यक्त गरेकी हुन् । मन्चले गण्डकी प्रदेश संसदीय सभाका अर्थ विकास समितिका सभापति भोजराज अर्याल र अर्का सांसद कल्पना तिवारीलाइ राखेर आयोजना गरिएको नागरिक सुनुवाइ कार्यक्रममा एकदर्जन भन्दा बढी नागरिकले गुनासै गुनासो पोखे । मुलुकमा हरेक परिवर्तनमा साथ दिएका नागरिकको मुहार अझै सम्म पनि नफेरिएको यो कार्यक्रमले दर्शाएको छ । नागरिकले सामान्यतया आफ्नो आवश्यकताका गुनासा मात्रै गरेका थिए । खानेपानी, शिक्षा, स्वास्थ्य, सडक र कृषिलाई प्रथामिकतामा राखेर आफ्ना गुनासा व्यक्त गरेका थिए । मिजार मात्रै होइन दर्जनौ नागरिकले संघियता आएपछि देश झनै ओरालो लागेको गुनासो गरे । चुनाबका बेला मात्रै आश्वासन होइन, जितेर गएपछि त्यो आश्वसान भुल्ने बानीले जनतामा नैरश्यता थपिएको उनीहरुको गुनासो थियो । गाउँमा न खानेपानी छ न राम्रो सडक छ स्थानीय बुद्धिप्रसाद अर्यालले भने,‘ असुविधाका साथ ग्रामिण भेगका जनता कहिले सम्म बाच्ने हो ।’ छोराछोरी जति विदेश, बुढापाका जति गाउँमा बस्नुपर्ने हाम्रो संघियता आवश्यक छैन उनले प्रश्न गरे । मिजार र अर्याल प्रश्न र गुनासो गर्ने पात्र मात्रै हुन् । अर्का स्थानीय गोमा श्रेष्ठले चुनाब आउदा खानेपानी आउछ भन्ने तर चुनाब जितेपछि सांसदहरुलाई भेट्नै नपाइने गुनासो गरिन् । मेघराज पौडेलले नेपालका नेताहरुले कृषिक्षेत्र मास्न थालेको आरोप लगाए । युवा जतिलाई खाडी मुलुक पठाएर जमिन बाँझो बनाउने परिपाटीको अन्त्य हुनुपर्ने उनले बताए । कृषि र पशुपालन सगै हरेक वडामा डाक्टर सहितको स्वास्थ्यकेन्द्र, पक्की सडक, राम्रो खानेपानीको व्यवस्था र जंगली जनावरहरु हटाउने नीति ल्याउन उनीहरुले माग गरे । संघीयतापछि बनेका तिनैतहका सरकारबाट नागरिक सन्तुष्ट देखिएका छैन । घर–घरमा सिंहदरबार भनेर ल्याइएको व्यवस्थामा सबैभन्दा बढी नागरिक स्थानीय सरकारसगँ असन्तुष्ट देखिएका छन् । सिमित साधनश्रोतले कामगर्नुपर्ने कठिनाई रहेपनि स्थानीय सरकारसगँ धेरै आशा मानेका नागरिकलाई प्रदेश सरकारको आशा झनै नभएको देखिन्छ । वालिङ १४ का वडा अध्यक्ष बोधराज कुँवरले नागरिकले उठाएका समस्याहरुको समाधानमा स्थानीय सरकारको चासो रहदै आएको भन्दै नागरिकलाई सुझाए । स्याङ्जामा प्रदेश र संघमा गरी झण्डै एकदर्जन सांसद रहेका छन् । संघ र प्रदेशमा एक–एकजना मन्त्री छन् । तर पनि नागरिकले सरकार र सांसद छन् भन्ने अनुभुति पाएका छैनन् । नागरिकले राखेका मागमा आफ्नो गम्भिर ध्यानाकर्षण रहेको भन्दै खानेपानी र सडक छिट्टै कालोपत्रे हुने आश्वासन गण्डकी प्रदेश सांसद कल्पना तिवारीले विश्वास दिलाइन् । मुलुकमा देखीएको आर्थिक मन्दीले विकासमा समेत क्षती पुगेको भन्दै सांसद तिवारीले गाउँका समस्यालाई समाधान गर्दै जाने प्रतिवद्धता व्यक्त गरिन् ।

प्रदेश सरकारले एक घर–एक धारा भन्ने नारा सार्वजनिक गरेको पनि झण्डै ५ बर्ष पुरा भएको छ । तर पनि नागरिकका सबैभन्दा बढी समस्या खानेपानी कै देखिएको छ । खोपानी, सडक लगायतका बिषयमा प्रदेश सरकारलाई छिटो नागरिकका गुनासा सुन्न निर्देशन दिने गण्डकी प्रदेश संसदीय सभाका अर्थ विकास समितिका सभापति भोजराज अर्यालले बताए । नागरिकको समस्यासगँ आफु जानकार रहेको बताउदै सभापति अर्यालले जनताले राखेका गुनासाहरु आगामी ५ बर्षमा पुरा गरिनेगरी अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

सरकार छ तर अनुभुती नभएको गुनासोलाई प्रदेश सभामा सांसदहरुलाई झकझकाई रहने गरी प्रत्रकार मन्चले काम गर्ने प्रतिवद्धता मन्चका अध्यक्ष भरत कोइरालाले गरे । खानेपानी र सडककै कारण गाउँघर रित्तिनेक्रम बढ्दो छ । नागरिकका गुनासालाई आवश्यकता अनुसार सम्बोधन गरी बसाईसराई रोक्ने र राजनीतिक विश्वास दिलाउन आवश्यक छ । होइन भने परिवर्तनमा साथ दिएका जनता अर्कोपटक फेरी राजनीतिकदललाई सवक नदेखाउलान् भन्न सकिदैन ।

# मादी नदीमा ‘आर्क डिजाइन’को पुल निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २० मंसिर

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको मादी नदीमाथि ‘आर्क डिजाइन’को पुल निर्माण सुरु गरिएको छ ।

मुग्लिन-पोखरा सडकखण्डको व्यास नगरपालिका-३ र ५ जोड्ने मादी नदी माथि उक्त पुल निर्माण थालिएको हो । अनप जेडआइसि जेभी चाइनिज निर्माण कम्पनीले पुल निर्माणको लागि ठेक्का गरेको मुग्लिन-पोखराको पूर्वी खण्डका इञ्जिनीयर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । तीन सय पन्ध्र मिटर लामो उक्त पुल तीन वर्षभित्र सम्पन्न गर्ने गरी निर्माण कम्पनीले २०२२ अगष्ट ११ सम्झौता गरेको हो ।

उक्त पूर्वी खण्डमा हालसम्म ३८ प्रतिशत कार्य प्रगति भएको उहाँले बताउनुभयो । हालको मादीपुलबाट करिब ५० मिटर दुरीमा नयाँ पुल निर्माण भइरहेको छ, उहाँले भन्नुभयो “पुल निर्माणका लागि रु एक अर्ब २१ करोडमा ठेक्का सम्झौता छ ।” ढाँचाअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रेबजार क्षेत्र र कास्कीको गगनगौंडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुने आयोजना कार्यालयले जनाएको छ । पूर्वीखण्ड निर्माणको ठेक्का चिनियाँ कम्पनी कम्युनिकेसन कन्स्ट्रक्सनले लिएको छ ।

उक्त खण्ड रु ६ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो । यस खण्डको काम २०७८ वैशाख २ मा गरिएको हो । ४१.४५ किलोमिटर दूरीको यो खण्डको काम २०८१ वैशाखसम्म सक्नुपर्ने सम्झौता भएको छ ।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

वालिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्धारा नगरपालिका भित्र तपशिल बमोजमका पूर्वाधार निर्माणका लागि साइट विकास गर्न लागेको हुँदा यससँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई कार्याक्रम निम्न बमोजिका स्थान र समयमा सरोकारवालाहरुको सहभागितामा हुन गइरहेको हुदाँ यस क्षेत्रका विद्यालय, वन उपभोक्ता समुह, स्वस्थ संस्था, युवा क्लब, आमा समुह लगायत सम्पूर्णमा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

| आयोजना | कार्यक्रम हुने स्थान | समय | मिति |
|---|---|---|---|
| वडा नं. ६ को मिर्दी–जगत–ओडारे सडक चौडाइका लागि कटान कार्य | वडा नं. ६ को कार्यालय प्राङ्गण | बिहान १०:३० बजे | २०८०/०८/२२ |
| वडा नं. ८ मिर्दीमा बस पार्क निर्माणका लागि साइट विकास कार्य | वडा नं. ८ को कार्यालय प्राङ्गण | बिहान १०:३० बजे | २०८०/०८/२३ |
| वडा नं. १० को ट्रमा सेन्टर कृषि उपज संकलन केन्द्र | वडा नं. १० को कार्यालय प्राङ्गण | बिहान १०:३० बजे | २०८०/०८/२४ |
| वडा नं ४ एलादीमा खेल मैदान निर्माणका लागि साइट विकास कार्य | वडा नं. ४ को कार्यालय प्राङ्गण | बिहान १०:३० बजे | २०८०/०८/२५ |
| वडा नं. ११ मा सडक चौडाइका लागि कटान कार्य | वडा नं. ११ को कार्यालय प्राङ्गण | बिहान १०:३० बजे | २०८०/०८/२६ |

**परामर्शदाता**
ग्रिनविच इन्चाइरोमेन्टल एण्ड
इन्जिनियरीङ कन्सल्ट प्रा. लि.
मध्य बानेश्वर, काठमाण्डौं
सम्पर्क: ९८४१५३१५८

**आयोजक**
वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
सम्पर्क: ०६३-५९७०००



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म:
२००५/०४/०१ गते

स्वर्गारोहण:
२०८०/०८/ ०९ गते

स्व. श्रीमती छलिमाया कर्माचार्य

पोखरा नयाँबजार नेवा: कल्याणकारी समाजका सक्रिय सदस्य **श्रीमती छलिमाया कर्माचार्य**को २०८० मंसिर ९ गते भएको असामयिक निधनप्रति हाम्रो समाजलाई ठूलो क्षति पुगेको छ । दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं । शोकमा डुबेका परिवारमा धैर्य धारणा गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि कामना गर्दछौं ।

**नयाँबजार नेवा: कल्याणकारी समाज**
**पोखरा महानगरपालिका वडा नं. ९**
**नयाँबजार**